# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०८) पोखरा, कार्तिक २७ गते, २०८२ साल (अतिरिक्ताङ्क १६

## भाग ३

### आर्थिक मामिला मन्त्रालयको सूचना

गण्डकी प्रदेश सरकार, प्रदेश मन्त्रिपरिषद्को मिति २०८२/०७/२७ को बैठकबाट देहाय बमोजिम गर्ने निर्णय भएको हुँदा गण्डकी प्रदेश विनियोजन ऐन,२०८२ को दफा १६ को उपदफा (२) बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

देहायः

गण्डकी प्रदेश विनियोजन ऐन २०८२ को दफा १६ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा ५ को उपदफा (३) बमोजिम रहेको रकमान्तरको सीमा देहायको सेवा र कार्यका लागि कायम नहुने आदेश जारी गर्नेः-

१. मिति २०८२ भाद्र २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा क्षति भएका सार्वजनिक संरचनाको मर्मत तथा पुनर्निमाणका लागि आवश्यक पर्ने रकमको व्यवस्था गर्न,

२. जेनजी आन्दोलनका क्रममा भएको क्षतिबाट प्रभावितको लागि राहत तथा आर्थिक पुनरुत्थान र सार्वजनिक सेवा सुचारु गर्नका लागि रकम व्यवस्था गर्न,

३. विपद्बाट उत्पन्न परिस्थितिको व्यवस्थापन तथा पुनःर्निर्माणका लागि आवश्यक पर्ने रकम व्यवस्था गर्न।

आज्ञाले,
इन्द्रप्रसाद बस्याल
प्रदेश सरकारको सचिव

मुद्रक : गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय । मूल्य रु १०।-